# लिसंखु पाखर गाउँपालिका

अत्तरपुर, सिन्धुपाल्चोक

उपाध्यक्ष विपन्न उत्थान कार्यक्रम कार्यन्वयन कार्यविधि

२०७८

# उपाध्यक्ष विपन्न उत्थान कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७८

**गाउँ कार्यपालिकाको बैठकबाट पारित मिति २०७८/०५/२८**
**प्रमाणिकरण मिति २०७८/०६/०४**

**प्रस्तावना**

लिसंखु पाखर गाउँपालिका क्षेत्रमा रहेका गरिब परिवार तथा विपन्न परिवारहरुको आर्थिक तथा सामाजिक रुपमा उत्थान गर्नको लागि यस गाउँपालिकाको आ.व. ०७८/७९ को वार्षिक बजेटमा समावेश गरिएको उपाध्यक्ष विपन्न उत्थान कार्यक्रम गाउँपालिका क्षेत्रमा संचालन गर्नु पर्ने भएकोले यो कार्यविधि निर्माण गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

१. यस कार्यविधिको नाम "उपाध्यक्ष विपन्न उत्थान कार्यक्रम कार्यन्वय कार्यविधि, २०७८" रहनेछ ।
२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

१. "गाउँपालिका" भन्नाले लिसंखु पाखर गाउँपालिका सम्झनु पर्दछ ।
२. "अध्यक्ष" भन्नाले लिसंखु पाखर गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।
३. "उपाध्यक्ष" भन्नाले लिसंखु पाखर गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।
४. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लिसंखु पाखर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।
५. "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित समिति सम्झनु पर्दछ ।
६. "गरिब परिवार" भन्नाले गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यविधि, २०७५ बमोजिम गरिब परिवार परिचयपत्र प्राप्त गरेको परिवार सम्झनु पर्दछ ।
७. "विपन्न परिवार" भन्नाले उपदफा (५) बमोजिम परिचयपत्र प्राप्त नगरेको तर समितिले गरिब भनि ठहर गरेको परिवार सम्झनु पर्दछ । तर गरीब घर पहिचान कार्यविधि बमोजिम परिचय पत्र प्राप्त गरी नसकेको अवस्थामा उपाध्यक्ष विपन्न उत्थान कार्यक्रम सञ्चालन समितिले निर्णय गरे बमोजिम परिवारलाई जनाउने छ।
८. "सीप शिक्षण तथा आय मूलक व्यवसाय" भन्नाले किराना पसल, होटल, सिलाई बुनाई, गलैंचा, मुढा, डोको डालो, कृषि जन्य वा पशुपन्छी जन्य आदिको व्यवसाय सम्झनु पर्दछ ।

## ३. उद्देश्य

उपाध्यक्ष विपन्न उत्थान कार्यक्रमको उद्देश्य देहाय बमोजिमको रहेको छ :-

(क) यस गाउँपालिका क्षेत्र भित्रका गरिब परिवार तथा विपन्न परिवारलाई आत्मनिर्भर बनाउने ।

(ख) गरिब परिवार तथा विपन्न परिवारहरुको लागि सीप शिक्षण तथा आय मूलक कार्यक्रम संचालन गरी उनीहरुको आर्थिक तथा सामाजिक रुपमा उत्थान गर्ने,

(ग) गरिब परिवार तथा विपन्न परिवारहरुलाई गरिबीको रेखा मुनिबाट माथि उठाई सामाजिक रुपमा स्थापित गराउने ।

## ४. समितिको गठन

४.१ उपाध्यक्षको संयोजकत्वमा "उपाध्यक्ष विपन्न उत्थान समिति" नामको एक समिति रहने छ ।

४.२ उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमको ७ सदस्य रहने छन् ।

| | | |
|---|---|---|
| १. उपाध्यक्ष | — | संयोजक |
| २. गाउँकार्यपालिकाको अध्यक्षले तोकेको वडा अध्यक्ष मध्येबाट १ जना | - | सदस्य |
| ३. आर्थिक विकास समिति संयोजक | - | सदस्य |
| ४. गाउँकार्यपालिकाको अध्यक्षले तोकेको पालिका भित्रका अन्य २ जना | - | सदस्य |
| ५. कार्यक्रम कार्यन्वयन हुने वडाको वडाध्यक्ष | - | पदेन सदस्य |
| ६. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको प्रतिनिधि | - | सदस्य सचिव |

## ५. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यस गाउँपालिका क्षेत्र भित्रका गरिब परिवार तथा विपन्न परिवारहरुको पहिचान गरी वस्तुगत विवरण राख्ने,

(ख) गरिब परिवार तथा विपन्न परिवारहरुको आर्थिक तथा सामाजिक उत्थानको लागि सीप तथा आय मूलक कार्यक्रम संचालन गराउने,

(ग) उपाध्यक्ष विपन्न उत्थान कार्यक्रमको लागि आवेदन दिने गरिब परिवार तथा विपन्न परिवारहरुमध्येबाट लाभग्राही छनौट गरी अनुदान रकम सिफारिस गर्ने,

(घ) उपाध्यक्ष विपन्न उत्थान कार्यक्रमको सन्दर्भमा समय समयमा आवश्यक निर्देशन दिने,

(ङ) उपाध्यक्ष विपन्न उत्थान कार्यक्रमको अनुगमन निरीक्षण गर्ने,

(च) प्रगति प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्ने ।

## ६. लाभग्राहीको छनौट प्रक्रिया

लाभग्राही छनौट गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ :-

(क) उपाध्यक्ष विपन्न कार्यक्रमको लागि गाउँपालिका क्षेत्रका वासिन्दाबाट प्रस्ताव पेश गर्नको लागि १५ दिनको सुचना प्रकाशित गरिनेछ ।

(ख) गाउँपालिका क्षेत्रका वासिन्दाबाट प्राप्त प्रस्ताव उपर समितिमा छलफल गरिनेछ ।

(ग) समितिले उपाध्यक्ष विपन्न कार्यक्रमको लागि लाभग्राही छनौट गरी सिफारीस गर्नु पर्नेछ ।

(घ) छनौटमा परेका लाभग्राहीहरुलाई प्रस्तावना बमोजिमको व्यवसाय संचालन गर्नको लागि गाउँपालिकासंग २ वर्षे सम्झौता गर्नु पर्नेछ ।

(ङ) सम्झौता गरिसके पछि लाभग्राहीलाई समितिले सिफारिस गरे बमोजिमको रकम २ किस्तामा प्रदान गरिनेछ ।

## ७. लाभग्राही छनौटको आधारहरु

(क) गाउँपालिका भित्र स्थायी घर ठेगाना भएको व्यक्ति / परिवार,

(ख) गाउँपालिका भित्र वसोवास गरी व्यवसाय गर्न प्रस्ताव गरेको व्यक्ति / परिवार,

(ग) गरिब घर परिवार पहिचान कार्यक्रम अन्तर्गत अति गरिबको कोटामा परेको वा निजको आर्थिक अवस्था अत्यन्त कम्जोर रहेको भनि सम्बन्धित वडा बाट सिफारिस प्राप्त भई सो सम्बन्धमा कार्यविधिको दफा ४ बमोजिमको समितिले निर्णय गरेको व्यक्ति/परिवार,

(घ) व्यवसायको प्रस्तावना पत्र (निजको आर्थिक अवस्था सुधार हुने खालको व्यवसाय रोजेको र सोको प्रस्तावना पत्र) अनुसुची १ बमोजिम पेश गर्ने परिवार,

(ङ) परिवारका सदस्य संख्या तथा परियोजना संचालन गर्न पारिवारिक मैतक्यता,

(च) अन्य स्थायी अस्थायी प्रकृतिको रोजगारी प्राप्त सदस्य नभएको घर परिवार,

(छ) तोकिएको ढाँचाको निबेदन अनुसुचि २ बमोजिम पेश गर्ने परिवार,

(ज) समितिले विपन्न घर परिवार पहिचान गर्दा मापदण्ड निर्धारण गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने घर परिवार,

झ) गाउँपालकाबाट स्वरोजगार सम्बन्धी अन्य अनुदान/ऋण कार्यक्रममा संलग्न नभएको परिवार ।

## ८. अनुदानको रकम वितरण

(क) उपाध्यक्ष विपन्न उत्थान कार्यक्रमको लागि कुल विनियोजित बजेट भन्दा बढी नहुने गरी रकम वितरण गर्नु पर्नेछ ।

(ख) समितिले लाभग्राहीलाई रकम सिफारिस गर्दा प्रति परिवार प्रति व्यवसाय बढीमा रु. ३०,००० (तिस हजार रुपैयाँ मात्र) सिफारिस गरिनेछ ।

(ग) उपदफा (ख) बमोजिमको रकम प्राप्त गर्न लाभग्राहीले रू. ६०,००० वा सो भन्दा बढी रकमको आफुले गर्ने व्यवसायको प्रस्ताव पेश गर्नु पर्नेछ ।

घ) प्रथम किस्ता प्राप्त गरेपछि दोश्रो किस्ताको लागि स्थलगत अनुगमन गरी प्रगति प्रतिवेदनका आधारमा मात्रै दोश्रो किस्ता प्रदान गरिने छ ।

## ९. लाभग्राहीको काम, कर्तव्य र जिम्मेवारी

लाभग्राहीको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) उपाध्यक्ष विपन्न उत्थान कार्यक्रमबाट प्राप्त रकम आफुले प्रस्ताव गरेको व्यवसायमा नै प्रयोग गर्नुपर्नेछ । सो रकम अन्य प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन ।

(ख) लाभग्राहीले सो व्यवसाय निरन्तर २ वर्ष सम्म संचालन गर्नु पर्नेछ ।

(ग) लाभग्राहीले व्यवसाय संचालन गर्दा जीविकोपार्जनका लागि मात्र नभई थप आय आर्जन गर्ने गरी गर्नु पर्छ ।

### १० सहभागी हुन नपाउने व्यक्तिहरु

क) स्वदेश वा वेदेशिक रोजगारीमा गएको वयक्तिको घर परिवार

(ख) कुनै पेशा व्यवसाय जस्तै पसल/व्यपार रोजगारीमा संलग्न भईसकेको परिवार

(ग) प्रधानमन्त्री रोजगार कार्यक्रममा संलग्न भई रोजगारी प्राप्त गरेको व्यक्ति/परिवार

(घ) सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका व्यक्ति ।

## १२. अनुगमन निरीक्षण

समितिले समय समयमा उपाध्यक्ष विपन्न उत्थान कार्यक्रमबाट संचालित व्यवसायको अनुगमन गर्नेछ वा गर्न लगाउनेछ ।

## १३. विविध

क) यस कार्यविधिमा उल्लेख नभएको विषयहरू समितिले निर्णय गरे बमोजिम हुनेछ ।

ख) यो रकम अनुदानको रुपमा उपलब्ध गराईने छ ।

ग) अनुदान पूर्वाधार निर्माण कार्यमा यो रकम खर्च गर्न पाईने छैन । तर सकयोगी सामग्री यन्त्र उपकरण खरिद गर्न बाधा पर्ने छैन ।

<u>अनुसुची १</u>

**प्रस्तावना ढाँचा**

**लिसखु पाखर गाँउपालिका द्धारा सञ्चालित उपाध्यक्ष विपन्न उत्थान कार्यक्रममा सहभागी हुनको लागि लिसंखु पाखर गाउँपालिका वडा नं.......का ....................................ले तयार पारेको व्यवसायिक प्रस्तावना**

## १. पृष्ठभूमि

लिसंखु पाखर गाउँपालिका द्धारा आर्थिक वर्ष २०७८/७९ मा गरीब तथा विपन्न परिवारको आय आर्जन वृद्धि गर्ने र जिविकोपार्जनमा सुधार ल्याउने उदेश्यले सुरु गर्न लागेको उपाध्यक्ष विपन्न उत्थान कार्यक्रममा सहभागी हुन र व्यवसाय सञ्चालन गर्नका लागि यो प्रस्तावना पेश गरेको छु ।

## २. औचित्य

उपाध्यक्ष विपन्न उत्थान कार्यक्रम बाट प्राप्त अनुदान र मेरो आफ्नो लगानी साझेदारीमा व्यवसाय सञ्चालन गरी म लगायत परिवारका सदस्यहरुको आयआर्जनमा नियमितता र निरन्तरता दिनेछु ।

## ३. प्रस्तावनामा पेश गरेका व्यवसायको उदेश्य

मेरो परिवारको आय आर्जन वृद्धि गर्नका लागि तपसिल बमोजिमको व्यवसायिक उदेश्य रहेको छ ।

क)

ख)

ग)

## ४. परियोजनाको क्षेत्र

यस व्यवसायको क्षेत्र तपसिल बमोजिम रहेको छ ।

क)

ख)

ग)

## ५. कुल लागत

यस व्यवसाय सञ्चालन गर्नका लागि लाग्ने लागत तपसिल अनुसार लगानी गरिनेछ ।

| | |
|---|---|
| व्यसायको अनुमानित लागत | रु. |
| परिवारिक लगानी | रु. |
| कार्यक्रमबाट अनुदान | रु. |

६. अनुमानित उपलब्धी :

आ व २०७८/७९को

| सि नं. | लगानी | कुल उत्पादन | कुल नाफा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

आ.व. २०७९/८० को

| सि नं. | लगानी | कुल उत्पादन | कुल नाफा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

सही छाप

| दाँया | बाया |
|---|---|
| | |

प्रस्तावना पेश गर्नेको

हस्ताक्षर :

नाम :

ठेगान :

फोन नं. :

**अनुसुची २**

उपाध्यक्ष विपन्न कार्यक्रममा सहभागीताको लागि निवेदन ढाँचा

मितिः..............................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
लिसंखु पाखर गाउँकार्यपालिकाको कार्यालय,
सिन्धुपाल्चोक ।

**विषय : उपाध्यक्ष विपन्न उत्थान कार्यक्रममा सहभागी हुँन पाउँ भन्ने बारे ।**

महोदय,

यस गाउँपालिकाबाट सञ्चालन हुन गईरहेको उपाध्यक्ष विपन्न उत्थान कार्यक्रम निर्देशिका,२०७८ बमोजिम कार्यक्रममा सहभागी हुनका लागि गाउँपालिकाबाट मिति २०७८..................गते प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको व्यवसाय सञ्चालन गर्नका लागि यस कार्यक्रममा सहभागी हुन पाउँ भनी व्यवसायको प्रस्तावना सहित यो निवेदन पेश गरेको छु ।

१. निवेदक /व्यवसायीको नाम :
२. ठेगाना :
क) जिल्लाः
ख) गाउँपालिका :
ग) वडा नं. :
घ) जम्मा परिवार संख्या : महिला : पुरुष : बालबालिका : अपाङ्ग (**यदि भएमा**)

३. कार्यक्रम मार्फत गर्न चाहेको व्यवसाय नाम, लागत र प्रकृति :

| क.स. | व्यवसायको किसिम | अनुमानित कुल लागत | अनुदान माग रकम |
|---|---|---|---|
| १ | | | |

४. १ हालको पेशा कृषि भएमा आफ्नो स्वामित्वको जग्गाको क्षेत्रफल विवरण :

| क.स. | खेत जम्मा (रोपनी) | | बारी जम्मा (रोपनी) | | पाखा बारी (रोपनी) |
|---|---|---|---|---|---|
| १ | सिँचाई भएको (रोपनी) | सिँचाई नभएको (रोपनी) | सिँचाई भएको (रोपनी) | सिँचाई नभएको (रोपनी) | |
| | | | | | |

४.२ अन्य पेशा भए के कस्तो प्रकृतिको हो ? र लगानी पुजी कति गरिएको छ ?

| |
|---|
| |

**निवेदक**
नामथर :
ठेगाना :
दस्तखत :
सम्पर्क फोन :

**संलग्न कागजपत्रहरु :**
१. नागरिकताको प्रतिलिपि -१ प्रति
२. सम्बन्धित वडाको सिफारिस ।
३. व्यवसायको प्रस्तावना
४. मापदण्ड अन्तर्गतको विवरण

अनुसुची ३

**लिसंखु पाखर गाउँ पालिका**

अत्तरपुर सिन्धुपाल्चोक

**उपाध्यक्ष विपन्न उत्थान कार्यक्रम**

कार्यक्रम कार्यन्वयन कार्यविधि २०७८ बमोजिम निबेदकको मूल्याङ्कन फारम

निबेदकको नाम थर :

ठेगाना
:

| सि नं. | आवश्यक सुचकहरु | अङ्कभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | **शैक्षिक अवस्था ५** | | | |
| १.१ | बालबालिका सामुदायिक विद्यालयमा पढाईरहेको भए | ५ | | |
| १.२ | निजि विद्यालयमा पढाईरहेको भए | २ | | |
| २ | **आर्थिक अवस्था/परिवारको आकार १०** | | | |
| २.१ | आश्रित संख्या २ वा कम | ५ | | |
| २.२ | आश्रित संख्या ३ वा सो भन्दा बढी | १० | | |
| ३ | **बसोबास (घर) को अवस्था २०** | | | |
| ३.१ | ढुङ्गा माटोको भुई तल्ला घर वा जस्ताको टहरो भएको | २० | | |
| ३.२ | घर २ तल्ला भएको ढुङगा माटोको गारो | १५ | | |
| ३.३ | सिमेन्टको जोडाई भुइले घर १ कोठे सम्म भएको | १० | | |
| ३.४ | गरो सिमेन्टको जोडाई २ कोठे भन्दा बढी भए | ५ | | |
| ४ | **खानेपानी तथा सरसफाइको अवस्था १५** | | | |
| ४.१ | निजी धारा बाथरुम सहित चर्पी | ५ | | |
| ४.२ | निजी धारा साधारण चर्पी | ८ | | |
| ४.३ | निजी धारा चर्पी नभएको | १० | | |
| ४.४ | चर्पी नभएको सार्वजानिक धारा वा कुवाको पानी प्रयोग | १५ | | |
| ५ | **घरयासी सम्पति १५** | | | |
| ५.१ | मोटर गाडी भएको | १ | | |
| ५.२ | माटर साईकल भएको | १ | | |
| ५.३ | सवारी साधन केही नभएको | ५ | | |
| ५.४ | टेलिभिजन भएको | १ | | |
| ५.५ | टेलिभिजन नभएको | २ | | |
| ५.५ | स्मार्ट मोबाईल फोन | ३ | | |
| ५.६ | साधारण मोबाईल फोन | ४ | | |
| ५.७ | दाउराको चुलो प्रयोग गरे | ४ | | |

| | | | | |
|---|---|---|---|---|
| ५.८ | ग्याँस चुलो प्रयोग गरे | २ | | |
| ६ | **सामाजिक सुरक्षा १५** | | | |
| ६.१ | सरकारी निकायबाट कुनै सुविधा प्राप्त नगरेको (सासु भत्ता,) | १५ | | |
| ६.२ | सामाजिक सुरक्षा भत्ता लिने सदस्य मात्र भए | ५ | | |
| ६.३ | सरकारी निकायबाट कुनै सुविधा प्राप्त गरेको (कोभिड १९ को सुविधा) | १० | | |
| ७ | **जातिय अवस्था ५** | | | |
| ७.१ | दलित | ५ | | |
| ७.२ | जनजाति | ३ | | |
| ७.३ | अन्य | २ | | |
| ८ | **परिवारको गुजारा चलाउने मुख्य श्रोत १५** | | | |
| ८.१ | कृषि २ रोपनी वा सो भन्दा कम खेती योग्य जमिन | १२ | | |
| ८.२ | कृषि ५ रोपनी वा सो भन्दा कम खेती योग्य जमिन | १० | | |
| ८.३ | कृषि ५ रोपनी वा सो भन्दा बढी खेतीयोग्य जमिन | ७ | | |
| ८.४ | नोकरी | ५ | | |
| ८.५ | व्यापार | ५ | | |
| ८.६ | ज्यामी | १५ | | |
| | जम्मा प्राप्ताङ्क | | | |

माथि लेखिएको विवरण मेरो पारिवारिक अवस्थामा आधारित भएर लेखिएको हो र ठिक साँचो छ। झुठा ठहरे कार्यक्रम कार्यन्वयन कार्यविधि २०७८ बमोजिम बदर भएमा मेरो मञ्जुरी छ।

दस्तखत :

नाम :

ठेगाना :

आज्ञाले,
पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत